# भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)

शङ्खमूल, काठमाडौं

भाषा आयोग
शङ्खमूल, काठमाडौं
२०७३

मिति : २०८२।०५।१७
नेपाल संवत् ११४५ ञलाथ्व, दशमी

विज्ञप्ति !

आउँदो असोज १ गतेदेखि सबै सवारी साधनमा विद्युतीय सङ्केत सङ्ख्या (इम्बोस्ड नम्बर) प्लेट अङ्ग्रेजी भाषा र रोमन लिपिमा अनिवार्य जडान गर्नु पर्ने नेपाल सरकारको निर्णयप्रति भाषा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। यस अघि पनि भाषा आयोगले नेपालको संविधानको धारा ७ को उपधारा १ मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ भनी स्पष्ट उल्लेख भएकाले विद्युतीय सङ्केत सङ्ख्या देवनागरी लिपिमा राख्न नेपाल सरकारको ध्यानाकर्षण गराएको थियो। तसर्थ संविधानले नचिनेको भाषा र लिपिमा होइन, यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको २०८१ असार ९ गते भएको नेपाली भाषाको वर्णविन्यास सम्बन्धी फैसलामा नेपालको संविधानको ***"धारा ७ को उपधारा ३ ले भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ भनी स्पष्ट गरेको पाइन्छ"*** भन्ने संवैधानिक प्रावधान बमोजिम सबै तहका सरकारहरूलाई सोही बमोजिम गर्न गराउन स्पष्ट व्याख्या भएकोमा सोबमोजिम भाषा आयोगले आफ्नो संवैधानिक दायित्वसमेत बोध गर्दै देवनागरी लिपिमा विद्युतीय सङ्केत सङ्ख्या राख्न आयोगको मिति २०८२ भदौ १ गतेको बैठकको निर्णयानुसार नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ।

.......................
डॉ. गोपाल ठाकुर
अध्यक्ष

अध्यक्ष
भाषा आयोग

फोन नं. ०१-५२४२२३३, ०१-५२४२५३४, ०१-५२४२०४६,
इमेल: languagecommission2016@gmail.com वेबसाइट: www.languagecommission.gov.np